KRIPA NATIONAL DAILY

# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

वर्ष २३, अंक-१९५ बारा, २०८३ भदौ २० गते शनिबार / नवमी / नेपाल संवत् ११४६ / Saturday, September 5 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

## बाराका सिडिओ मिश्रको सरुवा, अधिकारी आउँदै




कलैया, १९ भदौ/जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) धर्मेन्द्रकुमार मिश्रको गृहमन्त्री सुदन गुरुङ्गको गृह जिल्ला गोरखा सरुवा भएको छ ।

गृह मन्त्रालयले मिश्रलाई गोरखाको प्रमुख जिल्ला अधिकारीका रूपमा सरुवा गरेको हो । उहाँको स्थानमा जाजरकोटका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारी बाराको नयाँ प्रमुख जिल्ला अधिकारीका रूपमा आउनुहुने भएको छ ।

गृह मन्त्रालयले भदौ १८ गतेको निर्णयअनुसार विभिन्न जिल्ला प्रशासन कार्यालयमा कार्यरत प्रमुख जिल्ला अधिकारीसहित २३ जना सहसचिव तथा उपसचिव तहका कर्मचारीको नियमित सरुवा तथा पदस्थापन गर्ने क्रममा बाराका प्रजिअ मिश्राको पनि सरुवा तथा पदस्थापन गरेको हो ।

गत कात्तिकमा जिल्ला प्रशासन कार्यालय सुनसरीबाट बारा आउनुभएका मिश्रको स्थानमा अब जाजरकोटका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारी आउने हुनुभएको छ । नयाँ सिडिओका रूपमा बारामा आउन लाग्नुभएका अधिकारी गत चैत अन्तिम साता जाजरकोट खटिनुभएको थियो ।

यसैगरी छिमेकी जिल्ला रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषालको पनि गृह मन्त्रालयमा सरुवा गरिएको छ । भुषालको सरुवासँगै रौतहटको नयाँ प्रमुख जिल्ला अधिकारीका रूपमा जिल्ला प्रशासन कार्यालय पर्वतबाट लक्ष्मीप्रसाद पौडेल आउनुहुने छ ।

## मिटरब्याज पीडितसंग भएको ९ बुँदे सम्झौता कार्यान्वयन गर्न माग

कलैया, १९ भदौ/मिटरब्याजको समस्याबाट पीडित किसान तथा मजदुरले सरकारसँग भएको नौबुँदे सम्झौता तत्काल कार्यान्वयन गर्न माग गरेका छन् ।

मिटरब्याजविरुद्ध मजदुर आन्दोलन नेपाल भोजपुरा कमाण्ड जिल्ला समिति बाराका अध्यक्ष सोहन शर्माको नेतृत्वमा गएको टोलीले बिहीबार बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रलाई ज्ञापनपत्र बुझाउँदै सम्झौता कार्यान्वयनमा ढिलाइ नगर्न सरकारको ध्यानाकर्षण गराएको हो ।



ज्ञापनपत्रमा नेपाल सरकार र मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालबीच २०८३ साउन १ गते काठमाण्डौंमा भएको नौबुँदे सहमति तथा मन्त्रिपरिषद्बाट साउन ६ गते अनुमोदित निर्णय कार्यान्वयनमा ढिलाइ भएको उल्लेख छ । सम्झौता भएको डेढ महिनाभन्दा बढी समय बितिसक्दा पनि पीडितले राहत महसुस गर्ने गरी काम अघि नबढेको आन्दोलनकारीको गुनासो छ ।

सम्झौताअनुसार मिटरब्याजलाई वित्तीय कुप्रथाका रूपमा अन्त्य गर्ने, वास्तविक कारोबार नभएका फर्जी लिखत खारेज गर्ने तथा अनुचित लेनदेनसम्बन्धी कसुरमा कानुनी कारबाही अघि बढाउनुपर्ने माग गरिएको छ । त्यस्ता लिखतका आधारमा अदालतमा चलिरहेका मुद्दा, भएका फैसला तथा सम्पत्ति लिलामीको प्रक्रिया रोक्नसमेत पीडितले माग गरेका छन् ।

वास्तविक कारोबार र वैधानिक स्रोतबिना तयार गरिएका तमसुक, छिनुवा पास, चेक, बिल, भौचर, रसिद तथा भरपाईजस्ता कागजातलाई फर्जी मानी त्यसमाथि हुने कारोबार र कानुनी प्रक्रियामा रोक लगाउनुपर्ने उनीहरूको माग छ ।

अनुचित लेनदेनसम्बन्धी जाहेरी दर्ता तथा अनुसन्धानमा समेत समस्या रहेको भन्दै आन्दोलनकारीले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (क) अनुसार कारबाही गर्नुपर्ने घटनामा समेत जाहेरी दर्ता नगर्ने तथा उजुरी तामेलीमा राख्ने गरिएको आरोप लगाएका छन् ।

सम्झौतामा भएको सहमति कार्यान्वयनका लागि गठन गर्नुपर्ने उच्चस्तरीय समन्वय समिति तथा जिल्लास्तरीय अनुगमन, समीक्षा र सहजीकरण समितिसमेत प्रभावकारी रूपमा सक्रिय नभएको उनीहरूको दाबी छ । मिटरब्याजी र पीडितबीच विवाद तथा झडपको अवस्था आउन सक्ने भन्दै तत्काल जिल्लास्तरीय संयन्त्र गठन गरी संवाद र सहजीकरणमार्फत समस्या समाधान गर्न उनीहरूले माग गरेका छन् ।

मिटरब्याज पीडितहरुसंग अघिल्ला सरकारले गरेको सहमति कार्यान्वयनको माग गर्दै गत असार महिनाको अन्तिम साता काठमाण्डौं केन्द्रीत आन्दोलनको क्रममा देशका विभिन्न जिल्लाबाट पैदल यात्रा सुरु गरेपछि गृहमन्त्री सुदन गुरुङ्ग आफै बाराको निजगढ आएर वार्ता गरेपछि उनीहरुको माग पुरा गर्न काठमाण्डौंमा संझौता भएको थियो ।

यसैगरी, हालै तिब्बतबाट आएको बाढीका कारण विभिन्न जिल्लामा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै आन्दोलनकारीले बाढीपीडितको उद्धार, राहत तथा पुनर्निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उनीहरूले प्रधानमन्त्री राहत कोषमार्फत सहयोग गर्ने जनाउँदै बाढीबाट क्षतिग्रस्त संरचनाको शीघ्र पुनर्निर्माण गर्नसमेत सरकारको ध्यानाकर्षण गराएका छन् ।

## रेडक्रस स्थापना दिवसको अवसरमा निजगढमा ५९ जनाद्वारा रक्तदान



निजगढ, १९ भदौ/नेपाल रेडक्रस सोसाइटी निजगढ उपशाखाले आज आयोजना गरेको रक्तदान कार्यक्रममा ५९ जनाले रगत दान गरेका छन ।

नेपाल रेडक्रस सोसाइटीको ६४औं स्थापना दिवसको अवरमा भएको सो रक्तदान कार्यक्रममा ६ जना महिलासहित ५९ जनाले रगत दान गरेका हुन ।

निजगढ ९ स्थित निजगढ रेडक्रसको कार्यालयमा भएको कार्यक्रममा रक्त सञ्चार केन्द्र वीरगञ्जका राज पटेल, विवेक यादव र शेख इकरामलले प्राविधिक सहयोग गरेको निजगढ उपशाखा सभापती रुद्र धितालले जानकारी दिनुभयो ।

रक्तदान गर्नेमा स्थानीय समाजसेवी, अभियान्ता, सुरक्षाकर्मी र सर्वसाधारणसमेत रहेका छन ।

## सानाकिसान कृषि सहकारी संस्था डुमरवानाद्वारा बाढीपीडितलाई ३ लाख २६ हजार सहयोग

सिमरा, १९ भदौ/हिमपहिरोपछि रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुर्नस्थापनको लागि बाराको जीतपुरसिमरा उपमहानगरपालिका डुमरवानास्थित साना किसान कृषि सहकारी संस्था लिमिटेडले रु. ३ लाख २६ हजार २४८ सहयोग गरेको छ ।




संस्थाले सामाजिक तथा सामुदायिक उत्तरदायित्वअन्तर्गत बाढीपीडित परिवार तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गरेको जनाएको छ ।

सहकारीका अनुसार सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा सेवा केन्द्र समितिका तर्फबाट एक पटकको बैठक भत्ताबापत ४५ हजार

बाँकी तेश्रो पेजमा

## पूर्वशिक्षक सिटौलाद्वारा छात्रवृत्तिको लागि १० लाखको अक्षय कोष स्थापना




सिमरा, १९ भदौ/आर्थिक अभावका कारण उच्च शिक्षा अध्ययनबाट वञ्चित हुने विद्यार्थीलाई सहयोग गर्ने उद्देश्यले जीतपुरसिमरा उपमहानगरपालिका( २ स्थित नेपाल राष्ट्रिय मावि सिमराका पूर्व शिक्षक अच्युतदेव सिटौलाले विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्न १० लाख रुपैयाँको अक्षय कोष स्थापना गर्नुभएको छ ।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिमरामा बिहीबार आयोजित कार्यक्रममा सिटौलाले आफ्नी श्रीमती सरस्वती सिटौलाको नामसमेत समेटेर 'अच्युतदेव सरस्वती सिटौला छात्रवृत्ति कोष' स्थापना गर्ने घोषणा गर्नुभएको हो ।

विद्यालयका प्रधानाध्यापक शंकरकुमार आचार्यका अनुसार कोषको रकम मुद्दती खातामा राखिनेछ र त्यसबाट प्राप्त ब्याजबाट प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिनेछ। प्लस टु तहमा उत्कृष्ट नतिजा ल्याएका, आर्थिक रूपमा विपन्न तथा मेहनती विद्यार्थीलाई छात्रवृत्तिमा प्राथमिकता दिइने विद्यालयले जनाएको छ ।

कोष स्थापनासँगै यस वर्ष कक्षा १२ विज्ञान संकायमा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थी सृजन ढुंगानालाई १५ हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिएको छ । ढुंगानाले कक्षा १२ मा ३.६४ जीपीए प्राप्त गरेका थिए ।

प्रधानाध्यापक आचार्यले विद्यालयमा पहिलोपटक यति ठूलो रकमको छात्रवृत्ति अक्षय कोष स्थापना हुनु महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। कोषबाट आर्थिक रूपमा कमजोर विद्यार्थीलाई उच्च शिक्षा अध्ययन निरन्तरता दिन सहयोग पुग्ने उहाँको भनाइ छ ।

छात्रवृत्ति वितरण कार्यक्रममा कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारीले पूर्व शिक्षक सिटौलाको योगदान प्रशंसनीय रहेको बताउनुभयो। आर्थिक रूपमा कमजोर भए पनि पढाइमा अब्बल विद्यार्थीका लागि यस्तो कोष उच्च शिक्षा हासिल गर्ने महत्वपूर्ण आधार बन्न सक्ने उहाँले बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपमहानगरपालिकाको शिक्षा, युवा

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# बारावासीको आत्मीय मन

रसुवामा आएको विनाशकारी बाढीका कारण ठूलो धनजनको क्षति ब्यहोरेका पीडित परिवारका लागि बाराको निजगढवासीले देखाएको स्वतःस्फूर्त सहयोग मानवीयताको एक उत्कृष्ट र उदाहरणीय दृष्टान्त हो ।

भूगोल र दूरीका हिसाबले निकै टाढा रहे तापनि 'नेपालीलाई दुख्दा नेपालीले नै मलम बन्नुपर्छ' भन्ने मूल मर्मलाई आत्मसात् गर्दै निजगढबासीले जुन रूपमा मन फुकाएर राहत र सहयोग जुटाएका छन्, त्यसले सिंगो मुलुकलाई नै संकटका बेला एकजुट हुन बलियो प्रेरणा दिएको छ ।

बाढीपहिरोले भोटेकोशी र रसुवा क्षेत्रका कैयौंका घरबास उठाएको छ भने धेरैलाई तत्कालै गाँस र बासको गम्भीर संकटमा धकेलेको छ। यस्तो विकराल अवस्थामा राज्यको औपचारिक संयन्त्र मात्रै पीडितकहाँ पुग्न समय लाग्ने कटु यथार्थबीच नागरिक समाज र स्थानीय समुदायको सक्रियता निकै महत्त्वपूर्ण हुन्छ । निजगढका स्थानीय संघसंस्था, युवा र सर्वसाधारण नागरिकहरू आफैं जुर्मुराएर राहत संकलनमा जुट्नु र पीडितको घाउमा मलम लगाउन अग्रसर हुनुले हाम्रो समाजमा परोपकारको भावना कति जीवित छ भन्ने प्रमाणित गर्छ। भौगोलिक दूरीले भावना र आत्मीयतालाई छेक्न सक्दैन भन्ने सन्देश निजगढवासीले आफ्नो कर्ममार्फत प्रष्ट पारेका छन् ।


अबको मुख्य चुनौती संकलित राहतलाई पारदर्शी ढंगले वास्तविक पीडित परिवारसम्म पुऱ्याउनु र उनीहरूको पुनर्स्थापनामा केन्द्रित गर्नु हो। विपत्तिका बेला मन फुकाएर सहयोग गर्ने तमाम निजगढबासी धन्यवादका पात्र छन् र उनीहरूको यो कार्य सदैव अनुकरणीय रहनेछ । त्यसो बाराको अन्य पालिका र स्थानीयहरुले पनि गरेको सहयोग निकै प्रशंसनीय छ। यो सहयोगको सदुपयोग होस्, पीडितको छाक बनोस् र बन्नेछ भन्ने आशा गरौं ।

# स्थानीय तहको विपत् अभ्यास

नेपालमा भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ, हिमपहिरो जस्ता विपत्ले समय समयमा ठुलो जनधनको क्षति पुऱ्याउँदै आएको छ । पछिल्लो समय जलवायु परिवर्तन, अव्यवस्थित सहरीकरण, वातावरणीय क्षयीकरण, जोखिमयुक्त भूउपयोग तथा पूर्वाधार विकासका कारण विपत्को जोखिम र प्रभाव थप जटिल बन्दै छ । सडक दुर्घटना, वन्यजन्तुको आक्रमण, सर्पदंश जस्ता विपत् थपिएका छन् । विपत् आउनुअघि जोखिम न्यूनीकरण र पूर्वतयारी गर्ने तथा विपत्को समयमा शीघ्र प्रभावकारी र समन्वयात्मक तरिकाले प्रतिकार्यका काम गर्न सक्ने संस्थागत क्षमता विकास गरी तयारी रहनु आवश्यक छ ।

वर्षाको समयमा बाढी, पहिरो, अतिवृष्टि, ढल निकास अवरोधलगायतका अनेकौं समस्या हुने गर्छ। केही दिनअघि काठमाडौं उपत्यकाभित्रका सबै पालिकाका जनप्रतिनिधि र कर्मचारी, स्थानीय प्रशासन, सेना, प्रहरीलगायत विपत् व्यवस्थापनसँग सम्बन्धित विज्ञलाई एकै ठाउँमा भेला गराइयो । यसको उद्देश्य विपत् व्यवस्थापनमा स्थानीय सरकारले भोगेका समस्या र असल अभ्यासको आदानप्रदान तथा विज्ञको रायसुझाव हासिल गर्नु थियो । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सेन्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेसको सहकार्यमा सिंहदरबारमा आयोजित यस कार्यक्रमले मुलुकका सबै ७५३ वटा स्थानीय सरकारलाई यससम्बन्धी काम गर्न सहयोग पुग्ने छ। नेपालको संविधानको अनुसूची-८ मा विपत् व्यवस्थापनलाई स्थानीय सरकारको एकल अधिकारमा समावेश गरिएको छ । यस अतिरिक्त संविधानको अनुसूची-७ र ९ मा यसलाई तिनै तहको सरकारको अधिकार सूचीमा पनि समावेश गरिएको छ ।

काम औसतभन्दा माथि पालिकाले विपत् व्यवस्थापन नीति तर्जुमा गरी लागु




गरे नगरेको, प्रतिकार्य योजना, पूर्वसूचना प्रणालीसम्बन्धी वार्षिक कार्ययोजना निर्माण गरी लागु गरे नगरेको र जोखिम क्षेत्रको पहिचान र यससम्बन्धी नक्साङ्कन गरे नगरेको भन्ने सम्बन्धमा मिश्रित अवस्था छ । काठमाडौंमा बर्सातको समयमा सडकमा पानी जम्ने, सधैं ढलको निकास बन्द हुने र बागमतीका १३ वटा बहिनी नदीको प्राकृतिक बहावलाई रोक्न खोज्दा बाढीले जनधनको क्षति गर्ने गरेको छ । जथाभाबी प्लटिङका कारण ढिस्को खस्ने, हिलोचिप्लो हुने, प्राकृतिक स्वरूपमा कुरूपता पैदा हुने गरेको छ ।

पालिकाभित्र क्रियाशील सङ्घ संस्था र व्यक्तिको सूचीकरण गरे नगरेको, विपत्सम्बन्धी तथ्याङ्क अद्यावधिक भए नभएको, विपत् व्यवस्थापनका लागि बजेट र कोष व्यवस्था गरे नगरेको भन्ने सूचकाङ्कमा नतिजा निराशाजनक छ। प्रायः सबै पालिकाको अवस्था विश्लेषण गर्दा विपत् व्यवस्थापन गर्न स्रोतसाधनको सख्त अभाव देखियो । सबै पालिकाले आपत्कालीन कार्यसञ्चालन केन्द्र खडा गर्नुपर्ने, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्वयंसेवक परिचालन गर्नुपर्ने सूचकमा भने उत्साहपूर्ण अवस्था देखियो । आपत्कालीन नमुना अभ्यास गर्ने, वारुणयन्त्रलगायतका उपकरण र खोज तथा राहत सामग्रीको भण्डारण गर्ने जिम्मेवारीमा पालिकाको अवस्था सन्तोषजनक पाइएन। समष्टिमा पालिकाले सम्पादन गरेका विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका काम औसतभन्दा माथि नै मापन गरियो ।

काठमाडौं महानगरपालिकामा राणाकालीन ढलको नक्सा उपलब्ध नहुँदा समस्या बल्झिरहेको छ। आगामी दिनमा स्वर्णिम योजना अन्तर्गत विपत् जोखिमलाई न्यूनीकरण गर्न व्यवस्थापनमा यस पालिकाले फड्को मारिरहेको छ । ललितपुर महानगरपालिकाले विपत् व्यवस्थापमा एकद्वार नीति लागु गरेको छ । यसको ११३० नम्बरको 'हेल्पलाइन' सञ्चालनमा छ । पालिकाभित्रका ९० ठाउँमा 'फायर अलर्ट सिस्टम' जडान छन् । यहाँ अर्ली वार्निङ सिस्टम जडान गर्नुका साथै डुबानको समयमा प्रयोग गर्न बोट खरिद गरिएको छ । यस पालिकाका सबै वडामा विपत् व्यवस्थापन कोष खडा गरिएको छ ।

उपत्यकाभित्रका अन्य नगरपालिकाले विपत् व्यवस्थापनमा अनेकौं चुनौती सामना गर्दै छन् । यिनीहरूले अन्य पालिकाका लागि अनुसरणयोग्य असल अभ्यास पनि गरेका छन्। भक्तपुरमा खेतीयोग्य जग्गाको कटान मुख्य समस्याका रूपमा देखियो । यस पालिकाभित्रको राजमार्गमा हुरीबतासले रुख ढल्दा बाटो अवरुद्ध हुने गरेको छ । यस्तो अवस्थामा पालिकासँग हेभी इक्विपमेन्ट नहुँदा तत्कालै सडक खुलाउन सकिएको छैन । तथापि पालिकाका सबै वडामा समेत विपत् व्यवस्थापन समिति गठन भएका छन्। यस पालिकाले विपत् व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छ। साथै खोलाको बाढी नियन्त्रण, आगलागी नियन्त्रणलगायतमा यो पालिका अग्रस्थानमा छ । कीर्तिपुरले स्कुलमा चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । पानीको वैकल्पिक ट्याङ्की निर्माण गरेको छ । साथै पहिरो, आगलागी र बाढी नियन्त्रणमा यस पालिकाले विशेष काम गरेको पाइएको छ ।

चन्द्रागिरि नगरपालिकाको नागढुङ्गा क्षेत्रमा पहिरोको जोखिम छ । सडकमा तानिएका तारहरूको व्यवस्थापन एउटा चुनौती बनेको छ। यस पालिकाले स्थानीय विपत् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८२ निर्माण गरेको छ। यो अन्य पालिकाका लागि अनुसरणयोग्य छ । यस पालिकाले बर्सेनि खोलाको बाढीबाट हुने क्षति रोक्न खोला सरसफाइ गरेको छ । महालक्ष्मी नगरपालिकाले कर्मनाशा खोलामा पूर्वसूचना प्रणाली जडान गरेको छ। यस पालिकाको ग्वार्को-लाँकुरीभन्ज्याङ सडक समस्याग्रस्त छ। यसमा जथाभाबी प्लटिङका कारण समस्याग्रस्त एवं जोखिमयुक्त जग्गामा घर निर्माण भइरहेको देखिन्छ । यसबाट जग्गाको प्लटिङ गर्ने कार्यमा पालिकाले कडाइ गर्न जरुरी भएको महसुस हुन्छ । तथापि यस पालिकासँग विपत्मा राहत दिने भण्डारको व्यवस्था छ ।

शङ्करापुर नगरपालिकामा विपत् व्यवस्थापनका लागि दक्ष जनशक्ति र उपकरणको अभाव छ। यस पालिकाभित्र भोटेचौर-चौकीभन्ज्याङ सडकमा ठुलो पहिरो छ। यसको रोकथाम नगरपालिकाको एक्लो प्रयासबाट सम्भव छैन । पालिकाले बाढी, पहिरो, आगलागी, हावाहुरी जस्ता विपत्तिसँग जुध्न पालिकास्तरमा र वडास्तरमा समिति गठन गरी विपत् व्यवस्थापन कोष खडा गरेको छ । चाँगुनारायण नगरपालिकाले पनि विपत् व्यवस्थापनका लागि स्रोतसाधन अपर्याप्त रहेको जनाएको छ। पालिकाले स्वयंसेवक परिचालन गरेको, नियमित बुलेटिन प्रकाशन गरेको र विपत् पोर्टल सञ्चालनमा ल्याएकाले अन्य पालिकाका लागि अनुकरणीय छ । मध्यपुर थिमी नगरपालिकामा भूकम्प, बाढी, पहिरो, आगलागी र सडक दुर्घटना प्रमुख विपत्का रूपमा छन् । यस पालिकाले हरेक वर्ष

बाँकी तेश्रो पेजमा



आधिकारित विक्रेता: शुभलक्ष्मि बहुउद्देशियय सहकारी सस्था लिमिटेड, बिरगंज पर्सा ९८४४२५०३८८

किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरूमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरूमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# बाढी पीडितको पुनर्स्थापनाका लागि जग्गा पहिचान गर्न समिति गठन

काठमाण्डौं,१९ भदौ/रसुवाको भोटेकोशी बाढी पीडितको पुनर्स्थापनाका लागि जग्गा पहिचान गर्न भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहसचिवको नेतृत्वमा समिति गठन गरेको छ।

नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा समिति गठन गरिएको मन्त्री प्रतिभा रावलको सचिवालयले जानकारी दिएको छ।

समितिमा सङ्घीय मामिला महाशाखाका प्रतिनिधि, पूर्वाधार मन्त्रालयका प्रतिनिधि, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी, सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बलका प्रतिनिधि, भूमि प्रशासन कार्यालय प्रमुख र नापी कार्यालय प्रमुख सदस्य रहेका छन्। उपसचिव दामोदर वाग्ले समितिको सदस्य सचिव हुनुहुन्छ।

समितिलाई बाढीका कारण घरजग्गामा क्षति भई विस्थापित भएका, पुरानै ठाउँमा बसोवास गर्न जोखिमपूर्ण भएका तथा जोखिम हुँदाहुँदै पनि प्रभावित क्षेत्रमा बसोवास गरिरहेका परिवारको यथार्थ विवरण पहिचान गर्ने जिम्मेवारी दिइएको मन्त्री रावलको सचिवालयले जानकारी दिएको छ।

समितिले बाढी पीडित परिवारको पहिचान, पुनर्स्थापनाका लागि आवश्यक जग्गाको छनोट, स्थलगत अध्ययन, प्रारम्भिक विपद् जोखिम मूल्याङ्कन तथा अस्थायी बसोवासका लागि आवश्यक कानूनी प्रक्रियासम्मका विषय समेटेर सुझाव तथा सिफारिशसहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नेछ।

# एमाले अध्यक्ष ओली बाढी प्रभावित क्षेत्रमा

काठमाण्डौं,१९ भदौ/नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको टोली राहत सामग्रीसहित बाढी प्रभावित क्षेत्र नुवाकोटको विदुर पुगेको छ।



अध्यक्ष ओली नेतृत्वको टोलीले बाढीबाट प्रभावित क्षेत्रको स्थलगत अवलोकन गर्नुका साथै पीडितको अवस्था, उद्धार तथा राहत वितरणका विषयमा जानकारी लिनने पार्टीका सचिव एवम् बागमती प्रदेशका इन्चार्ज महेश बस्नेतले बताउनुभयो।

एमालेले प्रदेश इन्चार्ज बस्नेतको नेतृत्वमा ४० सदस्यीय बाढी पीडित उद्धार, राहत तथा पुनर्स्थापना सहयोग समिति गठन गरेको छ।

बाढीबाट प्रभावित क्षेत्रका नागरिकको उद्धार, राहत तथा दीर्घकालीन पुनर्स्थापना कार्यलाई तीव्रता दिन पार्टीका तर्फबाट एमालेले १ करोड २० लाख रुपैयाँ सरकारको राहत कोषमा सहयोग गर्ने घोषणा गरेको छ।

यही भदौ १० गते भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका जिल्लामा ठूलो जनधनको क्षति भएको छ।

# प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन अमेरिका जाने



काठमाण्डौं,१९ भदौ/प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुने अमेरिका जाने हुनुभएको छ। यसबारे औपचारिक निर्णय हुन भने बाँकी छ। महासभामा उहाँले नेपालमा हालै आएको भोटेकोशीको विनाशकारी बाढी र त्यसले पुर्याएको क्षतिबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने तयारी छ।

संयुक्त राष्ट्रसंघको ८१औं महासभा यही भदौ २३ गते न्यूयोर्कको राष्ट्रसंघको मुख्यालयमा शुरु हुँदैछ। महासभाको उच्चस्तरीय बैठक भने असोज ६ गतेदेखि शुरु हुनेछ। नेपालमा बाढीको क्षतिपछि प्रधानमन्त्री नै राष्ट्रसंघको महासभामा जानुपर्ने भन्दै सांसद, मन्त्री तथा कुटनीतिज्ञहरुले आग्रह गर्दै आएका छन्।

यसअघि भदौ ३ गतेको मन्त्रिपरिषद् बैठकले परराष्ट्रमन्त्री खनाललाई महासभामा पठाउने निर्णय गरेको थियो। तर गएको भदौ १० गते रसुवाको भोटेकोशीमा विनाशकारी बाढी आएपछि जलवायु परिवर्तनजन्य विपद्बाट हिमाली क्षेत्रमा परिरहेको असरबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन प्रधानमन्त्री महासभामा जानुपर्ने माग उठेको थियो

प्रधानमन्त्री सहभागी हुने भए उहाँले महासभाको उच्चस्तरीय बैठकलाई सम्बोधन गर्दै नेपालले जलवायु परिवर्तनका कारण भोगिरहेको विपद, त्यसको मानवीय तथा भौतिक क्षति र जलवायु न्यायको आवश्यकता अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्ने तयारी छ।

## स्थानीय तहको विपत्...

वर्षाअगावै अरनिको राजमार्ग र हनुमन्ते खोलामा सरसफाइ अभियान सञ्चालन गर्छ।

सूर्यविनायक नगरपालिकाको साँगाभन्ज्याङमा बाटो विस्तारका क्रममा केही समस्या छ। यहाँ कटान क्षेत्र धेरै छ र विपत् कोषमा पाँच करोड रुपियाँ छुट्याइएको छ। यस पालिकामा हरेक वडामा दुई दुई वटा स्कुललाई आपत्कालीन सेल्टरका रूपमा विकास गरिएको छ। यो अन्य पालिकाका लागि अनुसरणयोग्य छ र विपत् व्यवस्थापनका तालिम सञ्चालन गरिएको छ। फोहोर व्यवस्थापन र 'जिङ्गल' का माध्यमबाट जनचेतना फैलाउन पालिका अग्रसर छ। गोकर्णेश्वर नगरपालिकाले बागमती नदीमा बाढीको मात्रा बढी हुँदा मोबाइलमा वार्निङ आउने एप सञ्चालनमा ल्याएको छ। पालिकाभित्र बर्सातमा ठाउँ ठाउँमा पानी निकासको समस्या छ। यस पालिकाले विपत् कोषमा दुई करोड रुपियाँ छुट्याएको छ। पालिकाले ग्रिन आर्मी समूह गठन गरी नियमित तालिम दिइरहेको छ। यसले स्कुल र गैससहरूसँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ; जुन अन्य पालिकाका लागि अनुसरणयोग्य छ।

कागेश्वरी मनोहरामा मूलतः मनोहराखोलाको कटान समस्याले बाढीको जोखिम बढाएको छ। पालिकामा ढल व्यवस्थापन र डुबान नै प्रमुख समस्या हो। पालिकाले सबै वडामा विपत् व्यवस्थापन टिम खडा गरेको छ। यस पालिकाले पहिरो नियन्त्रण, डुबान व्यवस्थापनमा विशेष भूमिका निर्वाह गर्दै आएको छ। वास्तवमा बस्तीमा खोलो पसेको होइन, खोलोमा बस्ती बसेकाले विनाश र विपत्तिको सामना गर्नु परेको हो। यो कटुसत्यलाई तिनै तहको सरकार र आमजनताले आत्मसात् गर्न ढिला गर्नु हुँदैन।

ललितपुर जिल्लाको महाङ्काल गाउँपालिकामा विगतको बाढीले धेरै नै क्षति पुऱ्याएको छ। यसको अझै पुनर्निर्माण हुन सकेको छैन। बर्सातमा सडक अवरुद्ध हुनु यस पालिकाको प्रमुख समस्या हो। यस पालिकाको सीमित स्रोत र साधनले मात्र अवरुद्ध सडक सञ्चालन गर्न सम्भव देखिन्न। कोन्ज्योसोम गाउँपालिकाले पनि सडकमा पहिरो जाने र बाढीको विपत्तिको समस्या बेहोरिरहेको छ। यस पालिकाले भोगिरहेको विपत् पनि पालिकाको बजेट र स्रोतले मात्र व्यवस्थापन गर्न असम्भवप्रायः छ। बागमती गाउँपालिकामा पनि वर्षायाममा सडक अवरुद्ध हुने गरेको छ। यस पालिकामा चट्याङ पर्ने, बिजुली अवरुद्ध हुने तथा हिउँदमा डढेलो लाग्ने प्रमुख समस्या छ। यी सबै प्रकारका विपत्सँग सामना गर्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबिच घनीभूत सहकार्य हुनुको विकल्प देखिन्न।

**साभारःगोरखापत्र**

## पूर्व शिक्षक सिटौलाद्वारा...

तथा खेलकुद महाशाखा प्रमुख शिवजी प्रसाद, सहायक प्रधानाध्यापक डम्बर खड्का, व्यवस्थापन समितिका सदस्य, शिक्षक तथा विद्यार्थीको सहभागिता थियो।

२०४२ देखि सोही विद्यालयमा निरन्तर अध्यापन गर्नुभएका सिटौलाले उमेर हदका कारण २०८२ साल माघ महिनामा अनिवार्य अवकास लिनुभएको थियो। लामो समय अध्यापन गरेको विद्यालय र विद्यार्थीप्रतिको जिम्मेवारीलाई निरन्तरता दिन कोष स्थापना गरेको सिटौलाको भनाइ छ।

## साना किसान कृषि...

५ सय, संस्थामा कार्यरत कर्मचारीहरूको २ दिनको तलबबापत ८० हजार ७ सय ४८ तथा संस्थाको तर्फबाट २ लाख गरी कुल रु. ३ लाख २६ हजार २ सय ४८ रुपैया सहयोग गरिएको हो।

संस्थाले बाढी तथा प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना पनि व्यक्त गरेको छ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित परिवार तथा समुदायप्रति सहानुभूति प्रकट गरिएको सहकारी संस्थाका अध्यक्ष प्रदीप सिंह बरालले जानकारी दिनुभयो।

साथै, अध्यक्ष सिंहले जारी गर्नुभएको अपिलमा विपत्तिको समयमा पीडित परिवारप्रति सहयोग, सहकार्य र मानवीय सेवामा ऐक्यबद्धता जनाउन सम्पूर्ण शेयर सदस्यहरूलाई आग्रह पनि गरिएको छ।

## रसुवा बाढीः कान्तिपुर भेटद्वारा...

कम्पनीले राहत कार्यमा सक्रियता देखाउँदै आएको छ। कान्तिपुर भेटले नेपाल भेटेरिनरी एसोसिएसनलगायतका निकायहरूमार्फत बाढी प्रभावित क्षेत्रमा लाखौं रुपैयाँ बराबरका भेटेरिनरी औषधिहरू यसअघिनै निःशुल्क उपलब्ध गराइसकेको छ।

कम्पनीले आगामी दिनहरूमा पनि विपद्बाट प्रभावित नागरिक तथा पशुपन्छीको राहत, उद्धार र पुनर्स्थापनाका लागि निरन्तर सहयोग जारी राख्ने प्रतिबद्धता जनाएको छ।






# मधेस प्रदेशमा एमालेको 'मिसन पार्टी जागरण अभियान' भदौ २३ गते हुने



सिमरा, १९ भदौ/नेकपा (एमाले) को केन्द्रीय कार्यक्रम 'मिसन पार्टी जागरण अभियान' अन्तर्गत मधेस प्रदेश स्तरीय अभिमुखीकरण कार्यक्रम भदौ २३ गते आयोजना हुने भएको छ ।

एमाले मधेस प्रदेश कमिटीको आयोजनामा धनुषाको लालगढस्थित गौतम होटलमा बिहान ११:०० बजेदेखि कार्यक्रम हुने जनाइएको छ ।

पार्टी सुदृढीकरण तथा संगठन विस्तारका उद्देश्यले आयोजना गर्न लागिएको उक्त अभिमुखीकरण कार्यक्रममा प्रदेशभरका प्रमुख नेता तथा जनप्रतिनिधिहरूको सहभागिता रहने एमाले मधेस सचिव मनोज पौडेलले जानकारी दिनुभयो । पौडेलका अनुसार कार्यक्रममा प्रदेशभित्र रहेका पार्टीका केन्द्रीय सदस्य, केन्द्रीय सल्लाहकार परिषद सदस्य, प्रदेश कमिटी सदस्य, जिल्ला अध्यक्ष तथा सचिवालय सदस्य, जनप्रतिनिधितर्फ प्रदेशसभा, जिल्ला समन्वय, स्थानीय तहका प्रमुख तथा उपप्रमुख, पूर्व सांसद, पालिका कमिटीका अध्यक्ष, जनसंगठनका केन्द्रीय पदाधिकारी तथा सदस्य, प्रदेश पदाधिकारी र जिल्ला अध्यक्ष सहभागी हुनेछन् ।

संगठनलाई तल्लो तहसम्म सुदृढ र जुझारु बनाउने उद्देश्यले सुरु गरिएको जागरण अभियानलाई थप प्रभावकारी बनाउन यो अभिमुखीकरण कार्यक्रम महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ । सचिव पौडेलले उक्त कार्यक्रममा सहभागिताका लागि अनुरोध गर्नुभएको छ ।

# भीमफेदी-कोगटे-इपा-सिस्नेरी सडक सञ्चालन गरिने



हेटौँडा, १९ भदौ/हेटौँडालाई काठमाडौँसँग जोड्ने वैकल्पिक मार्गका रूपमा भीमफेदी(कोगटे(इपा(सिस्नेरी सडक सञ्चालनमा ल्याउन मर्मत तथा स्तरोन्नतिको काम सुरु गरिएको छ ।

बागमती प्रदेश सरकारले भीमफेदी(देउराली(कुलेखानी(सिस्नेरी सडक खण्डको विकल्पका रूपमा उक्त मार्गलाई प्रयोगमा ल्याउन काम अघि बढाएको हो । एक हप्ताभित्र सडकमा यातायात सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभिरमा पहिरो गएपछि काठमाडौँ आवत(जावतमा समस्या भएको तथा भीमफेदी(देउराली(कुलेखानी सडकखण्डमा सवारी चाप बढेपछि वैकल्पिक मार्गको आवश्यकता देखिएको हो । भीमफेदी र त्रिभुवन राजपथतर्फको सडक साँघुरो भएकाले कोगटे(इपा( सिस्नेरी मार्गलाई स्तरोन्नति गरी वैकल्पिक सडकका रूपमा प्रयोग गर्न लागिएको प्रदेश सरकारले जनाएको छ

बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगर, भौतिक पूर्वाधार विकासमन्त्री भरत केसी, मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहा र भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामासहितको टोलीले सडक खण्डको स्थलगत अनुगमन गरेको थियो । अनुगमनपछि सडक मर्मत तथा निर्माणको काम सुरु गरिएको हो ।

मुख्यमन्त्री थापा मगरले मालवाहक तथा हेभी सवारीसाधन सञ्चालन गर्न सकिने गरी सडक स्तरोन्नतिलाई प्राथमिकताका साथ अघि बढाउने बताउनुभयो । चालु आर्थिक वर्षमा प्रदेश सरकारले उक्त सडकका लागि बजेटसमेत विनियोजन गरिसकेको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिका अध्यक्ष लामाका अनुसार मुख्यमन्त्रीको निर्देशनपछि भीमफेदी र सिस्नेरी दुवैतर्फबाट सडक मर्मतको काम सुरु गरिएको छ । सडक मर्मतका लागि चारवटा एक्साभेटर, दुईवटा लोडर तथा आवश्यक उपकरण परिचालन गरिएको उहाँले बताउनुभयो । बढीमा एक हप्ताभित्र सडकबाट यातायात सञ्चालन गर्न सकिने उहाँको भनाइ छ ।

सडक सञ्चालनमा आएपछि भीमफेदी(देउराली(कुलेखानी सडकखण्डमा हुने सवारी चाप र जाम कम हुने अपेक्षा गरिएको छ । साथै भीमफेदी गाउँपालिकाको कोगटे, इपालगायत क्षेत्रका बासिन्दालाई आवत( जावतमा सहज हुने अध्यक्ष लामाले बताउनुभयो । उहाँका अनुसार सडक निर्माण भएपछि भीमफेदीको माथिल्लो भेग तथा साविक इपा र कोगटे क्षेत्रका बासिन्दालाई प्रत्यक्ष लाभ पुग्नेछ ।

# भोटेकोसी बाढीपीडित पाँच स्थानीय तहलाई भीमफेदी गाउँपालिकाको १/१ लाख राहत



हेटौँडा, १९ भदौ/मकवानपुरको भीमफेदी गाउँपालिकाले रसुवाको भोटेकोसी बाढीबाट प्रभावित स्थानीय तहलाई राहत तथा पुनःस्थापनाका लागि आर्थिक सहयोग गर्ने भएको छ । गाउँपालिकाका अध्यक्ष हृदम लामाका अनुसार बाढीबाट अति प्रभावित रसुवा र नुवाकोटका पाँच स्थानीय तहलाई प्रति पालिका एक लाख रुपैयाँका दरले राहत रकम उपलब्ध गराउन लागिएको हो ।

भीमफेदी गाउँपालिकाले गोसााइकुण्ड गाउँपालिका र उत्तरगया गाउँपालिका (रसुवा) तथा आमाछोदिङ्मो, कालिका र किस्पाङ गाउँपालिका (नुवाकोट) लाई सहयोग गर्ने निर्णय गरेको हो । प्रत्येक स्थानीय तहको विपद् व्यवस्थापन कोषमा एक लाख रुपैयाँ जम्मा हुने गरी रकम उपलब्ध गराइने गाउँपालिकाले जनाएको छ ।

अध्यक्ष लामाका अनुसार विपद्को समयमा स्थानीय तहबीच एकता, सहयोग र सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्यले सहयोगको निर्णय गरिएको हो । भोटेकोसी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले अति प्रभावित पालिकाहरुलाई रकम उपलब्ध गराउन लागिएको उहाँले बताउनुभयो ।

भीमफेदी गाउँपालिकाले आफ्ना जनप्रतिनिधि तथा कर्मचारीबाट प्राप्त हुने सहयोग रकम र गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट उक्त रकम व्यवस्थापन गर्ने जनाएको छ ।

त्यस्तै, भोटेकोसी बाढीका क्रममा मृत्यु तथा बेपत्ता भएका भीमफेदी गाउँपालिकाभित्रका परिवारलाई पनि गाउँपालिकाको प्रचलित कार्यविधि तथा मापदण्डअनुसार राहत उपलब्ध गराउने निर्णय गरिएको छ ।

गाउँपालिकाले विपद्को यस दुःखद् घडीमा प्रभावित नागरिक तथा परिवारप्रति ऐक्यबद्धता जनाउँदै आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि प्रतिबद्ध रहेको जनाएको छ ।

# स्रोत नखुलेको १३ लाख ९२ हजार रूपैयाँसहित सिरहाबाट एक जना पक्राउ

सिरहा, १९ भदौ/स्रोत नखुलेको १३ लाख ९२ हजार ४ सय रुपैयाँसहित सिरहा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहा नगरपालिका( २ का ३५ वर्षीय शम्भु महाशेठ रहेका छन् । उनलाई सिरहा नगरपालिका( ७ स्थित हेमनारायण चोकबाट बिहीबार साँझ करिब ७ बजे प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार हुण्डी कारोबारमा प्रयोग हुने रकम बोकेर हिँडिरहेको विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको टोलीले महाशेठलाई पक्राउ गरेको हो ।

प्रहरीले उनको साथबाट विभिन्न दरका गरी १३ लाख ९२ हजार ४ सय रुपैयाँ बरामद गरेको जनाएको छ । रकमको स्रोतबारे सोधपुछ गर्दा सम्बन्धित प्रमाण तथा कागजात पेस गर्न नसकेपछि उनलाई रकमसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

बरामद रकमको स्रोत तथा सम्भावित हुण्डी कारोबारबारे जिल्ला प्रहरी कार्यालय सिरहाले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# कुखुरा र चल्लाको तस्करी रोक्न माग गर्दै रौतहटमा किसानको आमरण अनशनमा



रौतहट, १९ भदौ/अवैध रूपमा भित्रिने भारतीय कुखुरा तथा चल्लाको तस्करी रोक्नुपर्ने र स्थानीय बजारमा मासुको मूल्यमा भइरहेको अनियमितता नियन्त्रण गर्नुपर्ने माग गर्दै रौतहटमा एक जना किसान आमरण अनशनमा बसेका छन् ।

जिल्ला कुखुरा व्यवसायी किसान सङ्घ रौतहटका सचिव राधेश्याम साहले जिल्ला प्रशासन कार्यालय अगाडि शुक्रबारदेखि आमरण अनशन सुरु गर्नुभएको हो ।

स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित सरकारी निकायलाई पटक(पटक लिखित तथा मौखिक रूपमा समस्या समाधानका लागि आग्रह गर्दा पनि सुनुवाइ नभएको साहले बताउनुभएको छ ।

सङ्घका अनुसार खुला सीमाको फाइदा उठाउँदै भारतबाट दैनिक रूपमा अवैध रूपमा कुखुरा तथा चल्ला नेपाल भित्रिने गरेका छन् । यसबाट स्वदेशी किसानले ठूलो लगानी गरेर उत्पादन गरेको कुखुरा बिक्रीमा समस्या हुनुका साथै लगानी नै डुब्ने अवस्था आएको सङ्घको दाबी छ ।

अवैध कुखुरा तथा चल्ला तस्करीमा प्रहरी प्रशासनकै संरक्षण रहेको आरोपसमेत सङ्घले लगाएको छ। यद्यपि उक्त आरोपको स्वतन्त्र पुष्टि भने भएको छैन ।

त्यस्तै स्थानीय बजारमा बिचौलिया तथा केही व्यवसायीका कारण कुखुराको मासुको मूल्यमा चरम अनियमितता र कालोबजारी भइरहेको सङ्घको आरोप छ । बजारमा मासुको मूल्य निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग किसानहरूले राखेका छन् ।

सङ्घले भारतीय कुखुरा, चल्ला तथा मासुको अवैध तस्करी पूर्ण रूपमा रोक्न, तस्करीमा संलग्न व्यक्तिमाथि कडा कानुनी कारबाही गर्न र स्थानीय बजारमा मासुको मूल्य निर्धारण गरी कार्यान्वयन गर्न माग गरेको छ ।

त्यसैगरी जिल्लाभित्रै पर्याप्त कुखुरा उत्पादन र आपूर्ति हुँदाहुँदै बाहिरबाट कुखुरा आयात गर्दा स्थानीय किसान तथा बजारमा प्रतिकूल असर परेको भन्दै जिल्लाबाहिरबाट हुने कुखुरा आयात(निर्यातसम्बन्धी व्यवस्थासमेत पुनरावलोकन गर्न सङ्घले माग गरेको छ । आफूहरूले उठाउँदै आएको मागप्रति सम्बन्धित निकाय गम्भीर नभएको भन्दै माग पूरा नभएसम्म आमरण अनशन जारी राख्ने सचिव साहले बताउनुभएको छ ।

# भोटेकोशी बाढी : अहिलेसम्म भेटियो एक हजार २९४ शव



काठमाडौँ, १९ भदौ/भोटेकोशी बाढीका कारण ज्यान गुमाउनेको संख्या एक हजार २९४ पुगेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो भदौ १९ गते साँझ ६:३० बजेसम्मको अद्यावधिक विवरण हो ।

प्राधिकरणका अनुसार बाढीका कारण सबैभन्दा बढी मानवीय क्षति चितवनमा भएको छ, जहाँ ३५९ जनाको शव फेला परेको छ । नवलपरासी पूर्वमा २२१, नवलपरासी पश्चिममा २१२, नुवाकोटमा १८४, रसुवामा १४०, गोरखामा ७३, धादिङमा ६७ र तनहुँमा ३८ जनाको शव फेला परेको छ । फेला परेका शवहरूमध्ये हालसम्म ९६ जनाको मात्र सनाखत भई आफन्तले बुझेका छन् ।

हालसम्म कुल १३ हजार ०९५ जनाको उद्धार गरिएको छ । शुक्रबार मात्रै त्रिशूली ३ 'ए' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका २ जनालाई जीवितै उद्धार गरिएको छ ।

विपद्मा परेकाहरूको खोज र उद्धारका लागि सरकारले २१ हजार ४२१ सुरक्षाकर्मी परिचालन गरेको छ, जसमा नेपाली सेनाका ९ हजार २८७, नेपाल प्रहरीका ७ हजार ९३१ र सशस्त्र प्रहरी बलका ४ हजार २०३ जना सहभागी छन् ।

प्राधिकरणको विवरणअनुसार अझै ५ हजार ५३ जना सम्पर्कविहीन रहेका छन् । रसुवाका २ हजार १३० जना, नुवाकोटका २ हजार ३४० जना र ५८३ जना विदेशी नागरिक रहेका छन् । नेपाली सेनाले हालसम्म ८८१ पटक र निजी क्षेत्रका हेलिकप्टरले १२९ पटक उडान गरी उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याएका छन् ।

बाढीबाट घाइते भएका ५ हजार ६६३ जनाको उपचार गरिएको छ, जसमध्ये ३ हजार २६६ जनाको नेपाली सेना, २ हजार ८३ जनाको सशस्त्र प्रहरी र ३१४ जनाको विभिन्न अस्पतालमा उपचार गरिएको छ । रसुवा, नुवाकोट र धादिङका ३७ वटा होल्डिङ सेन्टरमा हाल ४ हजार ६२७ जनाले आश्रय लिइरहेका छन् ।

# रसुवा बाढी : कान्तिपुर भेटद्वारा २७ लाख ७७ हजारभन्दा बढी सहयोग

सिमरा, १९ भदौ/रसुवा बाढी प्रभावितको उद्धार, राहत र पुर्नस्थापनाका लागि कान्तिपुर भेट डिष्ट्रिव्युटर प्रालिले २७ लाख ७७ हजार सात सय ७७ रुपैयाँ सहयोग गरेको छ । भेटेरिनरी क्षेत्रमा सक्रिय रहँदै आएको कम्पनीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम सहयोग गरेको हो ।

कम्पनीले रसुवा बाढीका कारण भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गरेको छ । अध्यक्ष सुना सुवेदीका अनुसार प्राकृतिक विपद्को कठिन समयमा प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुर्नस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको हो ।

बाढीको विपत्ति सुरु भएदेखिनै

बाँकी तेश्रो पेजमा

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने,, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा .ली. बिरगंज ,पर्सा ०५१-५९१८७३